वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ६८ २०८३ असार १६ गते मंगलबार, नेपाल सम्वत् ११४६ June 30, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-






## रोपाइको तयारी

तनहुँको व्यास नगरपालिका-९ सिस्नेरीस्थित खेतमा असारे धान खेतीका लागि तयार गर्दै गरिएको खेत र पाक्दै गरेको चैते धान खेती । तनहुँमा यस वर्ष करिब ८ हजार ५१५ हेक्टर क्षेत्रफलमा वर्षे धान खेती गर्ने अनुमान गरिएकोमा असार १५ सम्ममा करिब ४५ प्रतिशत रोपाई भएको जिल्ला कृषि विकास कार्यालय तनहुँले जनाएको छ । यस्तै, सिंचाई सुविधा भएको करिब ३ हजार ८०० रोपनी क्षेत्रफलमा यस वर्ष चैते धान खेती भएको बताइएको छ । प्रयाप्त वर्षा नहुँदा आकाशे पानीको भरमा रोपाइ हुने खेत तथा फाँटहरूमा भने रोपाई सुरू हुन सकेको छैन ।

*तस्विर : भञ्ज्याङ*

# जलवायुको मारमा धानको सुरक्षा

**प्रगति ढकाल**/काठमाडौं

पछिल्लो समय जलवायु परिवर्तनको असरले बढाएको सुक्खा तथा खडेरीको असर प्रत्यक्ष रूपमा कृषि क्षेत्रमा देखिन थालेको छ। नेपालजस्तो धानखेतीमा आत्मनिर्भर बन्ने प्रयासरत मुलुकलाई जलवायुजन्य सङ्कटको सामना गर्न चुनौती थपिँदै गएको छ ।

जल तथा मौसम विज्ञान विभागले मनसुन अवधिमा औसतभन्दा कम वर्षा हुनसक्ने प्रक्षेपण गरिरहँदा यस वर्ष पनि धान रोपाइँलाई असर गर्नसक्ने भन्दै कृषकहरू चिन्तित देखिन्छन्। कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहप्रवक्ता तथा वरिष्ठ कृषि अर्थविज्ञ लालकुमार श्रेष्ठले मनसुनको समयमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण हुँदा बर्खे धानमा असर गर्नसक्ने भन्दै चिन्ता जनाउनुभयो । "नेपालमा सिँचाइको राम्रो व्यवस्था हुन नसक्दा आकासेपानीकै भरमा रोपाइँ हुने गरेको छ, वर्षा कम हुँदा वा ढिला हुँदा धान रोपाइँमा असर गर्नसक्ने र उत्पादनमा ह्रास आउन सक्छ", उहाँले भन्नुभयो ।

बदलिँदो जलवायु र सम्भावित वर्षा न्यूनताका कारण कृषि उत्पादनमा पर्नसक्ने असर न्यूनीकरण गर्न मौसम अनुकूल खेती प्रणाली अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। जलवायु तथा विपद् व्यवस्थापन डा धर्मराज उप्रेतीले जलवायुजन्य सङ्कटसँगै निम्तिएको एल-निनोको प्रभाव पनि सक्रिय हुँदै गएकाले यस वर्षको मनसुन अवधिमा वर्षा कम हुने बताउनुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि विभागले धानमा आत्मनिर्भर बन्न जलवायुमैत्री कृषि प्रविधिमा जोड दिएको छ । पछिल्लो समय जलवायु परिवर्तनको असरका कारण खडेरी बढ्न थालेको र कृषि उत्पादनमा ह्रास आउनसक्ने भन्दै कृषि उत्पादकत्व बृद्धिका लागि जलवायुमैत्री कृषि प्रविधि अपनाउन मन्त्रालयले योजना पनि अगाडि बढाएको छ ।



देशभर मनसुन सक्रिय भए पनि अपेक्षाअनुसार वर्षा हुन नसक्दा कूल वर्षा औसतभन्दा उल्लेख्य रूपमा कम रहेको छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कअनुसार जुन १ देखि २५ सम्म देशभर औसत १४९ मिमि वर्षा मापन भएको छ, जुन यस अवधिको औसत वर्षा (२१४ मिमि) को ६९.६ प्रतिशत हो । दैनिक औसतको ९० प्रतिशतभन्दा कम वर्षा मापन भएको विभागको तथ्याङ्कमा उल्लेख छ । विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ । यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरण गरी दिगो उत्पादन प्रणाली प्रवर्द्धन गर्नु जरूरी रहेको बताउनुभयो। "विभिन्न अध्ययनले २०२६ को मध्यबाट एल-निनोको प्रभाव सुरू भइसकेको र यसले दक्षिण एसियाली मुलुकसहित नेपालमा सुक्खाको प्रकोप बढाउनसक्ने आँकलन गरिएको छ", उहाँले भन्नुभयो, "गत वर्ष तराई क्षेत्रमा सुख्खाका कारण धान रोपाइँ प्रभावित भई उत्पादनमा प्रतिकूल असरसमेत परेको थियो ।"

धानबालीमा आत्मनिर्भरता हासिल गर्न चैते धानबालीको क्षेत्र विस्तार, उत्पादकत्व वृद्धिका लागि उन्नत बीउ उत्पादन तथा उपयोग प्रवर्द्धन, स्वदेशी उन्नत जात विकास, रासायनिक मल उपलब्धता सुनिश्चितता, प्रविधि प्रसार एवं बजार मूल्य सुनिश्चितताका लागि न्यूनतम समर्थन मूल्य निर्धारण प्राथमिकताका रहेको उहाँको भनाइ छ । सञ्जेलले खेतीयोग्य जमिनको सीमितता तथा धानबालीको क्षेत्रमा आएको कमीका कारण उत्पादकत्व वृद्धि अपरिहार्य रहेको सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव चुनौतीको रूपमा देखिएको बताउनुभएको छ। मौसमी वर्षामा निर्भर नेपालको खेती प्रणाली केही वर्षदेखि विभिन्न जलवायु सिर्जित प्रकोपबाट प्रभावित रहँदै आएको छ । सन् १९८१ को बाढी, २००८ को कोशी क्षेत्रमा आएको बाढी, २०१७ मा तराईमा आएको बाढी र २०२४ मा आएको बाढी पहिरोबाट नेपालका विभिन्न भूभाग प्रभावित भएका थिए ।

**कूल गार्हस्थ्य उत्पादनमा योगदान**

कृषि विभागका अनुसार कृषि गार्हस्थ्य उत्पादनमा धानबालीको करिब १३ प्रतिशत हिस्सा रहेको तथा कूल खाद्यान्न बाली उत्पादनमा धानबालीको हिस्सा ५० प्रतिशत रहेको छ । धानबालीको उत्पादनले मात्रै नेपालको कूल गार्हस्थ्य उत्पादनमा करिब दुई खर्ब बराबरको योगदान गरेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धानखेतीमा आवद्ध रहेका छन् र कूल खेती गरिएको जमिनमध्ये ५४ प्रतिशतमा

*बाँकी अन्तिम पेजमा*

# तनहुँमा नि:शुल्क बिरूवा वितरण अभियान सुरू

## भू तथा जलाधार र वन कार्यालयद्वारा २८ भन्दा बढी प्रजातिका बिरूवा उपलब्ध

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा वर्षायामलाई लक्षित गर्दै विभिन्न प्रजातिका डालेघाँस, फलफूल, औषधीय तथा वनजन्य बिरूवाको नि:शुल्क वितरण अभियान सुरू गरिएको छ। भू तथा जलाधार व्यवस्थापन कार्यालय र डिभिजन वन कार्यालय तनहुँले आ-आफ्ना नर्सरीमा उत्पादन गरिएका स्तरीय बिरूवा सर्वसाधारणलाई नि:शुल्क उपलब्ध गराउने भएका हुन् ।




भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँका प्रमुख वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत दिवाकर पौडेलका अनुसार कार्यालय परिसरस्थित भूसंरक्षण नर्सरीमा उत्पादन गरिएका राईखन्यु, निमारो, बडहर, किम्बुजस्ता डालेघाँसका बिरूवासँगै अमला, धूपी र रक्तचन्दनका बिरूवा असार १५ गतेदेखि नि:शुल्क वितरण भइरहेको छ । उनका अनुसार पशुपालक किसान, व्यावसायिक कृषक, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य इच्छुक नागरिकले कार्यालयमा सम्पर्क गरी नि:शुल्क बिरूवा लैजान सक्नेछन्। डालेघाँसका बिरूवाले पशुपालन प्रवर्द्धनमा सहयोग पुग्नुका साथै माटो संरक्षण र हरियाली विस्तारमा समेत महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

यस्तै, डिभिजन वन कार्यालय, तनहुँले पनि आज मङ्गलबारदेखि कार्यालय परिसरबाट २८ प्रजातिका बिरूवा नि:शुल्क वितरण सुरू गरेको जनाएको छ। वितरण गरिएका बिरूवामा निमारो, राईखन्यु, बडहर, कटहर, च्युरी, कोइरालो, तेजपात, अशोका, कल्की, निम, कपूर, शीतलचिनी, अमला, बर्ता, हर्रो, बकाइनो, कुरिलो, धूपी, गुलमोहर, बिरिसफूल, पारिजात, चाँप, बयर, बेल, पिपल, वर, राजवृक्ष र नौरङ्गेल रहेका छन् ।

डिभिजन वन कार्यालयका वन अधिकृत राजकुमार श्रेष्ठले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा वृक्षरोपण अभियानलाई प्रभावकारी बनाउन नि:शुल्क बिरूवा वितरण कार्यक्रम सञ्चालन गरिएको बताए।

उनका अनुसार वर्षायाम वृक्षरोपणका लागि सबैभन्दा उपयुक्त समय भएकाले स्थानीय नागरिक,

*बाँकी अन्तिम पेजमा*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## चर्चामै सिमित बुद्धसिंह मार्ग

पूर्वाधार विकास कुनै पनि क्षेत्रको आर्थिक, सामाजिक र मानवीय विकासको आधार हो । सडकले गाउँलाई बजारसँग, किसानलाई उपभोक्तासँग, विद्यार्थीलाई शिक्षासँग र बिरामीलाई स्वास्थ्य सेवासँग जोड्छ । त्यसैले रणनीतिक सडक आयोजनाको निर्माणमा हुने ढिलाइले केवल एउटा भौतिक संरचना अधुरो राख्दैन, त्यसले समग्र विकासको गति नै सुस्त बनाइदिन्छ । तनहुँको बुद्धसिंह मार्ग त्यसको एउटा ज्वलन्त उदाहरण बनेको छ । वर्षौंदेखि संघ, प्रदेश र स्थानीय सरकारबाट करोडौं रूपैयाँ बजेट विनियोजन हुँदै आएको यस मार्गले अझै अपेक्षित गति लिन सकेको छैन । हरेक वर्ष बजेट छुट्याइन्छ, योजना दोहोरिन्छ, म्याद थपिन्छ, तर निर्माणको गति भने उस्तै सुस्त छ । यसले स्थानीयवासीमा विकासप्रतिको विश्वास कमजोर बनाएको छ । बुद्धसिंह मार्ग सामान्य सडक मात्र होइन । यसले देवघाट, ऋषिङ, बन्दीपुर, आँबुखैरेनी र व्यास नगरपालिकाका बस्तीलाई जोड्ने आर्थिक जीवनरेखा बन्ने क्षमता राख्छ । विशेषगरी सुन्तला, तरकारी तथा अन्य कृषि उत्पादन बजारसम्म पुऱ्याउने मुख्य मार्गका रूपमा यसको महत्व अझ बढी छ । देवघाट क्षेत्रमा उत्पादन हुने हजारौं मेट्रिकटन सुन्तला यही सडकमार्फत सहज रूपमा बजार पुग्न सके किसानको आम्दानी बढ्ने, ढुवानी लागत घट्ने र कृषि व्यवसाय अझ आकर्षक बन्ने निश्चित छ । तर विडम्बना के छ भने किसानले अझै पनि कच्ची, साँघुरा र जोखिमपूर्ण सडकको भर पर्नुपरेको छ । उत्पादन बजारसम्म पुऱ्याउँदा लागत बढिरहेको छ । कतिपय अवस्थामा उत्पादन समयमै बजार नपुग्दा मूल्य घट्ने वा खेर जाने समस्या पनि दोहोरिन्छ । यसले कृषिमा लगानी गर्ने उत्साहसमेत घटाएको छ।

सडकको महत्व कृषिमा मात्र सीमित छैन । यसले दक्षिणी तनहुँको पर्यटन विकासमा पनि महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । देवघाटधाम, छिम्केश्वरी, ग्रामीण पर्यटन क्षेत्र तथा चितवनसँगको छोटो दूरीका कारण यस मार्गले धार्मिक, सांस्कृतिक र पर्यटकीय गतिविधिलाई नयाँ उचाइ दिन सक्छ । पृथ्वी राजमार्गको वैकल्पिक मार्गका रूपमा समेत यसको सम्भावना रहेको छ । तर सम्भावना कागजमै सीमित हुँदा त्यसको लाभ जनताले पाउन सकेका छैनन् । निर्माणमा ढिलाइ हुनुका कारणमध्ये बजेटको अभाव प्रमुख रूपमा देखाइएको छ । आयोजना सम्पन्न गर्न वार्षिक रूपमा आवश्यक पर्ने रकमको तुलनामा निकै कम बजेट विनियोजन हुँदा काम टुक्राटुक्रामा भइरहेको छ । बहुवर्षीय योजनामा हरेक वर्ष थोरै रकम छुट्याउने प्रवृत्तिले आयोजना समयमै सम्पन्न हुने सम्भावना झन् कमजोर बनाएको छ । लागत वृद्धि, म्याद थप र निर्माण ढिलाइको दुष्चक्र यसैबाट सिर्जना भएको हो । यससँगै वित्तीय व्यवस्थापनमा पनि सुधारको आवश्यकता स्पष्ट देखिन्छ । एउटै सडकका विभिन्न खण्ड फरक–फरक शीर्षकमा बजेटमा समावेश हुँदा वास्तविक लगानी र प्रगति बुझ्न कठिन भएको छ । नागरिकले कति बजेट आयो, कहाँ खर्च भयो र कति काम सम्पन्न भयो भन्ने जानकारी सहज रूपमा पाउन सकिरहेका छैनन् ।

विकास आयोजनामा पारदर्शिता र सार्वजनिक उत्तरदायित्व कमजोर हुँदा नागरिकको शंका बढ्नु स्वाभाविक हो । अब सरकारका तीनै तहले बुद्धसिंह मार्गलाई साँच्चिकै रणनीतिक आयोजना मान्ने हो भने त्यसअनुसार व्यवहार पनि देखाउनुपर्छ। टुक्रे बजेटको सट्टा पर्याप्त स्रोत सुनिश्चित गरेर निश्चित समयसीमाभित्र निर्माण सम्पन्न गर्ने योजना बनाउनुपर्छ । निर्माणको नियमित अनुगमन, खर्च र प्रगतिको सार्वजनिक विवरण तथा सामाजिक परीक्षणलाई अनिवार्य बनाउनुपर्छ। साथै घुमाउनेघाटमा त्रिशूली नदीमाथिको पुल निर्माणलाई पनि समान प्राथमिकतामा अघि बढाउन आवश्यक छ, किनभने पुलबिनाको सडकले पूर्ण उपयोगिता प्राप्त गर्न सक्दैन । विकासका नाममा बजेट विनियोजन गर्नु मात्र उपलब्धि होइन । जनताले अनुभूति गर्ने परिणाम नै वास्तविक विकास हो । बुद्धसिंह मार्गमा खर्च भएका करोडौं रूपैयाँको मूल्य त्यतिबेला मात्र प्रमाणित हुनेछ, जब किसानले सहज रूपमा आफ्नो उत्पादन बजार पुऱ्याउन सक्नेछन्, बिरामीले समयमै अस्पताल पुग्नेछन्, पर्यटकले सुरक्षित यात्रा गर्नेछन् र ग्रामीण बस्तीको आर्थिक गतिविधिले नयाँ गति लिनेछ । अब बुद्धसिंह मार्गलाई राजनीतिक घोषणाको विषय होइन, परिणाम दिने विकास आयोजनाका रूपमा स्थापित गर्ने समय आएको छ । बजेटको निरन्तरता मात्र होइन, प्रतिबद्धता, पारदर्शिता र कार्यान्वयनको गति नै यस आयोजनाको सफलताको वास्तविक आधार बन्नुपर्छ ।

## तनहुँमा नि:शुल्क बिरुवा ....

सामुदायिक वन उपभोक्ता समूह, विद्यालय, संघसंस्था तथा स्थानीय तहलाई वृक्षरोपणमा सहभागी गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको हो । "वन क्षेत्रको संरक्षण मात्र पर्याप्त हुँदैन, खुला तथा खाली जमिनमा पनि वृक्षरोपण आवश्यक छ", श्रेष्ठले भने, "वितरण गरिएका बिरुवालाई सही तरिकाले रोपेर संरक्षण गर्न सके वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदान पुग्नेछ।"

उनले वितरण गरिएका बिरुवामध्ये केही फलफूल, केही औषधीय तथा केही छायाँ र वातावरणीय महत्वका रहेको जानकारी दिँदै स्थानीय आवश्यकता र भौगोलिक अवस्थाअनुसार उपयुक्त बिरुवा छनोट गरी रोप्न तथा रोपाइँपछि संरक्षणमा विशेष ध्यान दिन आग्रह गरे। दुवै सरकारी कार्यालयले वर्षायामको अवसरमा सञ्चालन गरेको नि:शुल्क बिरुवा वितरण अभियानले जिल्लामा हरियाली विस्तार, माटो तथा जलाधार संरक्षण, पशुपालन प्रवर्द्धन र वातावरणीय सन्तुलन कायम गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ।

# भूराजनीतिको फेरोमा नेपाल

भूराजनीति विश्वसामु पेचिलो विषय बन्दै गएसँगै नेपाल पनि यसको एक प्रमुख पात्र बन्न पुगेको देखिन्छ। भूराजनीति भूगोल र राजनीति (जियोपोलिटिक्स) दुई शब्द मिलेर बनेको छ। 'भू' ले भौगोलिक र 'राजनीति' ले राज्यका राजनीतिक तत्त्वहरूलाई दर्शाउँछ। भौगोलिक तत्त्वहरु (जस्तैः राज्यको अवस्थिति, जलवायु, प्राकृतिक स्रोत, सामुद्रिक तटीय क्षेत्र, भूपरिवेष्ठित अवस्था, पानीढलो, जमिनको ढल्काइ र जनसंख्या) यसभित्र पर्दछन् भने राजनीतिक तत्त्वहरूमा राज्यले अरु देशहरूसँग गर्ने व्यवहार र क्रियासम्बन्धी नीति पर्दछन्। भूराजनीतिले राज्य सञ्चालनका विश्व गतिविधिहरूको सूक्ष्म र सामरिक बोध गर्दै तीबाट राष्ट्रिय राजनीतिक, आर्थिक एवं सुरक्षामा पर्ने प्रभावको निरन्तर अध्ययन गर्दछ।

मानव भूगोलले मानवका क्रियाकलाप र भौगोलिक तत्त्वहरूबीचको सम्बन्ध विश्लेषण गर्दछ। राजनीतिक भूगोलले कुनै पनि देशको प्राकृतिक पृष्ठभूमि अर्थात् भौगोलिक अवस्था तथा राष्ट्रिय–अन्तर्राष्ट्रिय राजनीतिक नीति, क्रिया र व्यवहारको अध्ययन गर्दछ। भूराजनीति भनेको भूगोलले राज्यको शक्ति, सुरक्षा, परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्बन्धमा पार्ने प्रभाव तथा स्वदेशी नीति निर्धारणको अध्ययन हो। भौगोलिक अवयवहरूको नियन्त्रण र तिनको प्रयोग गरी देशको अखण्डताको सुरक्षा तथा राजनीतिक, आर्थिक, सामाजिक लाभ प्राप्त गर्न गरिने राजकीय क्रिया नै भूराजनीति हो।

भौगोलिक तत्त्वहरु अपरिवर्तनीय हुने भएकाले देशको भौगोलिक सुरक्षा र आर्थिक विकासका लागि राज्यले गर्ने राजनीति नै भूराजनीति हो। यसले राजनीतिक शक्ति र स्वार्थलाई देशको भौगोलिक अवस्था र विकाससँग जोड्ने कार्य गर्दछ। अर्थात्, राज्यको सीमा, क्षेत्रफल, मानचित्र, प्राकृतिक संसाधन, मानव र आर्थिक भूगोलमाथि राजनीतिक भूगोलले पार्ने प्रभावको पनि यसले अध्ययन गर्दछ। भूराजनीतिले देशको भौगोलिक अवस्थाले राष्ट्र–राष्ट्रबीचको शक्ति सम्बन्धको साथै समसामयिक विश्व शक्ति संरचनाको समेत विश्लेषण गर्दछ। विश्वमा अनुभूत राजनीतिक क्रियाको वर्तमान, भविष्य र इतिहास तथा भौगोलिक क्षेत्रको सम्बन्धलाई जोड्ने काम पनि गर्दछ। राजनीतिक भूगोलले विभिन्न राज्यहरूको राजनीतिक क्रियाकलाप र सम्बन्धमा भइरहने परिवर्तन, शक्ति सम्बन्ध तथा एक राज्य र अर्को राज्यबीच विकसित अन्तरसम्बन्धको विश्लेषण गर्दछ ।

राज्यको महत्त्वपूर्ण जिम्मेवारी आफ्नो माटो, सीमा र नागरिकको मात्र नभएर राष्ट्रिय सांस्कृतिक भूमिको रक्षा गर्नु हो। फ्रेडरिक रेटजेलका अनुसार राज्य आफ्नो भूगोल र सार्वभौमसत्ताको रक्षा, भूमि विस्तार वा स्रोत प्राप्तिका लागि जीवनपर्यन्त संघर्ष गर्दछ। देशको आर्थिक, सामाजिक एवं राजनीतिक विकास र सुरक्षा भौगोलिक तत्त्वहरूमा निर्भर गर्दछ। अर्थात्, देशको अवस्थिति कस्तो छ र कहाँ छ भन्ने विषयले नै देशको परराष्ट्र नीति निर्धारण गर्दछ।

### भूराजनीतिको महत्त्व

देशको परराष्ट्र नीति निर्धारणमा भूराजनीतिक सिद्धान्तहरूको महत्त्वपूर्ण योगदान रहन्छ। यसबाट देशको सुरक्षा र विकासका लागि मात्र नभएर अन्तर्राष्ट्रिय राजनीतिक सम्बन्धमा सुसूचित हुन सहयोग पुग्छ। उहिल्यै साम्राज्य र उपनिवेशको विस्तार, स्वेज र पनामा नहरको निर्माण सामुद्रिक शक्तिमा भएको नियन्त्रणको परिणाम थियो। जुन राष्ट्रले पानीजहाज बनाउन सक्यो, त्यही राष्ट्रहरूले समुद्रमाथि नियन्त्रण गर्न र साम्राज्य विस्तार गर्न सकेका थिए। युरोपको स्रोतसम्पन्न हर्टल्यान्ड युरेसिया भूमि कब्जा गर्ने उद्देश्य र होडबाजीमा पहिलो र दोस्रो विश्वयुद्ध भए ।

अमेरिका र पश्चिम युरोपबीचको गाढा सम्बन्धको विकास हुनुमा सोभियत रूसको पूर्वी युरोपमा बढेको प्रभाव प्रमुख कारण थियो। पश्चिम एसिया र गल्फ क्षेत्रका देशहरूमा शक्ति राष्ट्रहरूको आँखा लाग्नु, रूस–युक्रेन युद्ध, अमेरिका–इरान युद्ध तथा सुडान विभाजन 'रिमल्यान्ड सिद्धान्त' अनुसार प्राकृतिक खनिज स्रोत प्राप्तिका लागि भएको तथ्य घाम जस्तै छर्लङ्ग छ। पछिल्लो अध्ययन विश्लेषणले बस्न योग्य भूमि वा स्रोतयुक्त भूमिभन्दा पनि शक्ति राष्ट्रहरूको आँखा अहिले रणनीतिक महत्त्वको स्रोत भूमि (रेयर अर्थ) माथि प्रत्यक्ष–अप्रत्यक्ष आधिपत्य जमाउने प्रवृत्ति बढेको देखाएको छ।

विश्वमा सामुद्रिक शक्ति, भूमिशक्ति, सामुद्रिक तटीय क्षेत्र वा वायुशक्ति नियन्त्रण गर्ने होड रोकिएको छैन। राजनीतिक रूपमा विश्व बहुध्रुवमा विभाजित भएर सङ्गठित छ। राज्यहरु क्षेत्रीय सङ्गठनहरूमा आबद्ध भएर बलिया भएका छन्। विश्वव्यापीकरण, अन्तर्राष्ट्रिय कानुन, असंलग्नता र पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्रसंघ, क्षेत्रीय सङ्गठनहरु जस्ता तत्त्वहरूको कारण कुनै पनि राज्यले सहजै अर्को देशको भूमि विस्तार गर्न सक्दैनन्। राजनीतिक साम्राज्यवादको ठाउँ आर्थिक साम्राज्यवादले लिँदै गएको छ। साम्राज्यवाद र कम्युनिज्मलाई प्रजातन्त्र र उदारवादले परास्त गर्दै लगेको छ।

विश्वव्यापीकरण र उदारीकरणले बन्द आर्थिक प्रणालीमा परिवर्तन ल्याएको छ। विश्व अर्थतन्त्रमा सूचना सञ्चार प्रविधिको विकास र अभ्यासले राज्य–राज्यबीचको सम्बन्ध र आर्थिक–सामाजिक क्षेत्रमा नवीन अवसर र चुनौतीहरु थपेका छन्। सामाजिक सञ्जालको प्रयोगले एक क्षेत्रमा प्रवाहित सूचनाको प्रभाव क्षणभरमा विश्वभर फैलिने प्रवृत्तिलाई भौगोलिक सीमा र सरकारले छेक्न सक्ने अवस्था छैन। भौगोलिक सार्वभौमिकताको साथसाथै डिजिटल सार्वभौमिकताको सुरक्षा पनि राज्यको अगाडि चुनौतीपूर्ण हुने संकेत देखिएको छ। भविष्यमा डिजिटल सार्वभौमिकताको प्रश्न भूराजनीतिको एक प्रमुख चुनौती बन्ने खतरा देखिएको छ।

भूराजनीतिका शास्त्रीय विद्वान्हरु म्याकेन्डर, रेटजेल र केजेलिनले राज्यकेन्द्रित अवधारणा अगाडि सार्दै राज्यले आफ्नो सुरक्षा र भूमि विस्तारको लागि शक्ति आर्जन गर्नुपर्ने पक्षमा जोड दिएका थिए। प्रारम्भमा सभ्यता विस्तारमा केन्द्रित भूराजनीति पछि भूमि विस्तारमा रूपान्तरण भयो। भूमि विस्तार र स्रोत प्राप्तिका लागि राष्ट्रहरूबीच विगतका विश्वयुद्धहरु भए। राजनीतिक विचारधाराको निर्यात र प्रभुत्व विस्तारका लागि पनि युद्धहरु भए । वर्तमान विश्वमा भूराजनीतिक विज्ञानको कार्यक्षेत्र बिस्तारै परिमार्जित हुँदै शान्ति, जलवायु परिवर्तन, गरिबी, महामारी, साइबर अपराध, आतङ्कवाद तथा विपद् व्यवस्थापनसँग बढी सम्बन्धित बन्न पुगेको देखिन्छ। तर, राष्ट्रियताको घनीभूत प्रवर्द्धन, अन्तर्राष्ट्रिय कानुन निर्माण, संयुक्त राष्ट्रसंघको स्थापना तथा राष्ट्रहरूबीच अन्तरआबद्धता र निर्भरता बढे पनि शक्ति राष्ट्रहरूको प्रभुत्व फैलाउने दुर्दम अभिलाषा मरेको देखिँदैन।

स्पाइकम्यानले 'रिमल्यान्ड अर्थात् सामुद्रिक तटीय क्षेत्र (स्रोत क्षेत्र) जसले नियन्त्रण गर्छ, उसले विश्वको भविष्य निर्धारण गर्छ भनेका छन्। वर्तमान अन्तरजेलित राज्यसम्बन्ध भएको स्थितिमा भूराजनीतिको एजेन्डा रणनीतिक 'रेयर अर्थ प्राप्तिमा केन्द्रित देखिन्छ। विश्वव्यापीकरण र मोबाइल नेटवर्क प्रणालीले राज्यहरूबीचको सम्बन्ध र व्यापार फराकिलो बनायो, तर शक्ति राष्ट्रको शक्तिलोलुपता मेटिएन। शक्ति राष्ट्रहरूबीच बन्धन र गठबन्धनहरु बन्ने क्रम पनि रोकिएन। रूप, प्रविधि र प्रक्रिया फेरेर प्रभुत्व विस्तार निरन्तर रहिरहेको छ। विश्व राजनीतिक मञ्चमा अन्तर्राष्ट्रिय विधि–विधानमा आधारित भूराजनीतिक प्रणालीमा ह्रास आएको स्पष्ट आभास हुन्छ।




शक्ति राष्ट्रहरु मानव संसाधन विकासमा सहयोग गरेर वा राजनीतिक वा प्रशासनिक सुधारको सुविधा दिएर आफूप्रतिको समर्थन जुटाउन उद्यत छन्। सुरक्षा र आर्थिक सहयोगको नाममा कुनै पनि देशको रेयर भूमि उपयोग गर्न लालयित छन्। मित्र राष्ट्रको हित प्रवर्द्धनका लागि भन्दै आर्थिक सहयोग र अन्तर्राष्ट्रिय व्यापारका अवसर दिएर प्रभाव पार्न आतुर देखिन्छन्। राष्ट्रहरूको प्रभुत्व फैलाउने र रेयर अर्थ जस्ता स्रोतहरु हात पार्ने फरक कूट–रणनीति शान्ति र विकासका लागि चुनौतीपूर्ण बनेको स्पष्ट देखिन्छ। शक्ति राष्ट्र बन्ने होडसँगै निर्बल राष्ट्रहरूको पहिचान र भौगोलिक सुरक्षाको संरक्षण जोखिमपूर्ण एवं चुनौतीपूर्ण बन्दै गएको छ।

### भूराजनीति र नेपाल

नेपालको भूराजनीतिमा भूपरिवेष्ठित अवस्था, नवीन मोडदार पहाड र हिमालय पर्वतको महत्त्वपूर्ण भूमिका रहेको छ। नेपाल भौगोलिक रूपमा कर्कट रेखाभन्दा उत्तर, भारत र चीनको बीचमा रहेको छ। भारतसँग करिब १८०० किलोमिटर सीमा परम्परादेखि खुला छ। चीनसँगको १,४१४ किलोमिटर सीमा हिमालय पर्वतको कठोर मार्गमा रहेको छ। आर्थिक–सामाजिक क्रियाकलापहरू बढी मात्रामा दुई छिमेकी देशहरु चीन र भारतसँग हुने गर्दछन्। देशको राजनीतिक शासन प्रणालीको स्थापना र सामाजिक–आर्थिक विकासमा भूराजनीतिको प्रत्यक्ष प्रभाव पर्ने यथार्थ सर्वविदितै छ। राज्यको भौगोलिक विशेषताले राज्यको सार्वभौमसत्ता तथा भौगोलिक अखण्डताको सुरक्षा एवं विदेश नीति निर्धारण गर्दछ। छिमेकी र मित्र राष्ट्रहरूसँगको द्विपक्षीय, बहुपक्षीय तथा सांस्कृतिक सम्बन्ध विस्तारलाई निर्देशित गर्दछ। यसकारण विश्व शक्ति सन्तुलनमा देखिएको

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
अवसरका लागि केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

**वृष**
फाइदा सामान्य भए पनि तारिफयोग्य काम थाल्नी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला।

**मिथुन**
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला ।

**कर्कट**
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

**सिंह**
आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला ।

**कन्या**
कीर्तिमानी काम गर्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

**तुला**
इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । परिवारजनको साथ रहन्छ।

**वृश्चिक**
दिन रमाइलो र उत्साहजनक रहनेछ । प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ ।

**धनु**
काममा रूचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । बुद्धिको उपयोगले मनग्य धन आर्जन हुनेछ ।

**मकर**
बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। भौतिक साधन जुट्नेछन् ।

**कुम्भ**
केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला नतिजा सच्याउन काम दोहोर्याउनुर्नेछ ।

**मीन**
दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ ।

# भूराजनीतिको फेरोमा ...........

परिवर्तनको पर्याप्त ज्ञानविना राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्न खोज्नु मूर्खता मात्र हुन्छ । भूराजनीति मूलतः विदेश मामिलासँग सम्बन्धित भए पनि देशको भौगोलिक सुरक्षा र आर्थिक–सामाजिक विकाससँग यसको घनिष्ठ सम्बन्ध हुन्छ। सीमा भएर हुने आवतजावत, पर्यटन, व्यापार र सीमाको व्यवस्थापनमा नेपालले सीमा जोडिएका राष्ट्रहरूसँग समन्वय गर्दा संवेदनशील भएर कूटनीति गर्नुपर्ने हुन्छ। चीन र भारतको भूराजनीतिक मनोविज्ञान बुझ्न जरूरी हुन्छ। अतः नेपालको भौगोलिक अवस्थिति, भूराजनीति र परराष्ट्र सम्बन्धका शीर्षकमा चर्चा गर्दा मूलतः भौगोलिक सुरक्षा, परराष्ट्र नीति र विकाससम्बन्धी तीनवटा विषयहरु उठाउन आवश्यक देखिन्छ।

**क. भूराजनीति र विकास**

देशको आर्थिक विकासमा भूराजनीतिको प्रत्यक्ष प्रभाव परेको हुन्छ। भूराजनीतिको सफल कार्यान्वयन भौगोलिक अवस्थितिबाट देशको सुरक्षा र विकास लक्ष्य हासिल गर्नु हो। विकास मूलतः अवस्थिति र स्रोतसाधनमा निर्भर गर्दछ। विकासका लागि साधनस्रोत प्राप्त गर्न मात्र नभएर नीति र योजनाहरु पनि भूराजनीतिसँग मेल खाने गरी तर्जुमा गर्नुपर्दछ। हामी हाम्रो खनिज उत्खनन र उपयोगमा संवेदनशील बन्नुपर्दछ। विदेशी सहयोग परिचालन, प्रत्यक्ष विदेशी लगानी आकर्षण, अन्तर्राष्ट्रिय व्यापार विस्तार, पर्यटक आगमन वृद्धि तथा वैदेशिक रोजगारीको सुनिश्चितता गर्नका लागि भूराजनीतिक परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ।

विकसित राष्ट्रहरूले आफ्नो आयको केही प्रतिशत अल्पविकसित देशहरूको आर्थिक, सामाजिक विकासमा प्रत्यक्ष सहयोग गर्ने गर्दछन्। अनुदान होस् वा निर्ब्याजी ऋण वा ब्याजसहितको ऋण होस्, कुनै पनि वैदेशिक आर्थिक सहयोग गर्नुको पछाडि दाताराष्ट्रको कुनै न कुनै उद्देश्य हुन्छ। त्यस्ता स्वार्थ कुनै दृश्य हुन्छन् भने कतिपय अदृश्य हुन्छन्। अदृश्य स्वार्थहरूको विश्लेषण र आंकलन गरेर आफ्नो राष्ट्रको हितविपरीत नहुने वैदेशिक सहयोग वा ऋण स्वीकार गर्नुपर्ने हुन्छ। विकासका लागि परराष्ट्र (आर्थिक कूटनीति/वैदेशिक रोजगार कूटनीति/सांस्कृतिक) नीति, वैदेशिक स्रोत परिचालन, वैदेशिक व्यापार र पर्यटन नीति भूराजनीतिको सेरोफेरोमा नै तर्जुमा गर्नुपर्ने हुन्छ।

**ख. भूराजनीति र सुरक्षा**

विश्व राजनीतिमा देशको भौगोलिक अखण्डता र सुरक्षा महत्त्वपूर्ण हुन्छ। देशको सुरक्षा अस्तित्व, पहिचान र संस्कृतिको अनन्तकालसम्म संरक्षण गर्ने उद्देश्यसँग गाँसिएको हुन्छ। नेपाल प्रकृति–संरक्षित स्वतन्त्र देश हो। प्रकृतिले यहाँ आफ्नै मौलिक जीवनशैली, संस्कृति र सभ्यता हुर्काएको छ। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको 'नेपाल दुई ढुङ्गाबीचको तरूल हो' भन्ने उक्तिले देशको भौगोलिक संवेदनशीलतालाई प्रस्ट पार्छ। यसर्थ देशको भौगोलिक अखण्डता र सीमाको विषयमा शासक होस् वा शासित, कसैलाई पनि गैरजिम्मेवार रूपमा बोल्न, लेख्न र इसारा गर्न छुट हुँदैन।

एसियाका भीमकाय एवं सामरिक रूपमा प्रतिस्पर्धी दुई मुलुक भारत र चीनको बीचमा 'ल्यान्ड ब्रिज' का रूपमा नेपाल रहेको छ। भनिन्छ, मित्र बदल्न सकिन्छ, छिमेकी बदल्न सकिँदैन। भौगोलिक अवस्थितिको कारण दुवै उत्तरी र दक्षिणी शक्ति राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध राखी देश विकास गर्नु नेपालको मौलिक बाध्यता, चुनौती र अवसर हो। यसकारण, देशको भौगोलिक अवस्थितिअनुरूपको सैन्य सचेतना अभिवृद्धि, सम्बन्ध विकास र सुरक्षा नीति अवलम्बन गर्नु अपरिहार्य हुन्छ।

**ग. भूराजनीति र परराष्ट्र नीति**

भौगोलिक अवस्थितिको आधारमा परराष्ट्र नीति निर्धारण गर्नु नेपालका लागि अनिवार्य बनेको छ। नेपालको संविधानले स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने परराष्ट्र नीतिको उद्देश्य राखेको छ। आफ्नो भौगोलिक अवस्थिति र भूराजनीतिलाई हृदयङ्गम गर्दै पञ्चशीलमा आधारित तटस्थता र असंलग्नताको विदेश नीति नेपालले अपनाएको छ। सरकार र जिम्मेवार निकायले विदेश नीतिको सम्बन्धमा हलुका रूपमा कुनै प्रकारको टिप्पणी गर्नु हुँदैन।

**४. भूराजनीतिको फेरो**

हामीलाई देशको भौगोलिक सुरक्षा र अन्तर्राष्ट्रिय सम्मानमा आँच आउन नदिई देशको विकास गर्नु छ। तर भूराजनीतिको फेरो नेपालवरिपरि मजाले बटारिएको जस्तो लाग्छ। झन्, शक्तिशाली र आपसमा प्रतिस्पर्धी भारत र चीनबीचको अवस्थितिले हाम्रो भूराजनीतिक मूल्यलाई उच्च बनाएको छ। नेपालमा अमेरिका, चीन, भारत र युरोपियन युनियन गरी चार प्रमुख 'एक्टर'हरु प्रत्यक्ष रूपमा सक्रिय छन्। माइलौं टाढा रहेका अमेरिका र युरोपियन युनियन (ईयू) पनि चासो दिँदै नजिक आएका छन्। देशको आर्थिक–सामाजिक विकासमा चीन, भारतलगायत अमेरिका, रूस र ईयूको प्रत्यक्ष संलग्नता छ।

मित्र देशहरूले आफ्ना–आफ्ना एजेन्डाहरु हाम्रा विकास योजनाहरूमा सधैँजसो छिराउने गरेका छन्। उनीहरूमा हाम्रो देशको आन्तरिक मामिलामा सहभागी हुन रमाउने प्रवृत्ति छ। सहयोगका विविध माध्यमबाट आफ्नो समर्थक बनाउन शक्ति राष्ट्रहरूबीच हुने होडबाजीको अनुभव नेपालले गर्दै आएको छ। यसकारण, भूराजनीतिक अवस्थाबाट प्रचुर फाइदा लिन नेपाल सरकारले अन्तर्राष्ट्रिय सम्बन्ध, कानुनी ज्ञानार्जन र रणनीतिक कौशलको भरपुर उपयोग गर्नुपर्दछ। यसै पृष्ठभूमिमा नै हाम्रो देशको परराष्ट्र नीति परिचालित हुनुपर्दछ ।

विश्वमा अहिले शक्ति राष्ट्रहरूको सूचीमा संयुक्त राज्य अमेरिका, रूस, बेलायत, फ्रान्ससँगै चीन र भारत पनि थपिएका छन्। पश्चिम एसिया, हिन्द महासागर, साउथ चाइना सी र दक्षिण एसिया 'हर्टल्यान्ड' बन्न गएका छन्। चीन र अमेरिकाबीच दक्षिण एसिया र साउथ चाइना सीमा प्रभुत्व जमाउने उच्च प्रतिस्पर्धा छ। अमेरिका, भारत, जापान र अस्ट्रेलियाबीच 'क्वाड' आएको छ। चिनियाँहरु यसलाई 'एसियन नेटो' पनि भन्ने गर्दछन्। अस्ट्रेलिया, बेलायत र अमेरिकाले 'अंकुस' पनि बनाएका छन्। अमेरिकाको 'इन्डो–प्यासिफिक' नीति पनि यहीं सक्रिय छ ।

आर्थिक एवं व्यापार प्रवर्द्धनका लागि भारत, चीन, रूस, ब्राजिल र दक्षिण अफ्रिकाले 'ब्रिक्स' बनाएका छन् । रूस, भारत र चीन 'रिक फोरम' मा सँगै आबद्ध छन्। संघाई को–अपरेसनमा पनि भारत, चीन र रूस एकैसाथ सक्रिय छन्। अन्तर्राष्ट्रिय बन्धन र गठबन्धनलाई घनीभूत रूपमा मूल्याङ्कन गरी आफ्नो परराष्ट्र सम्बन्धलाई मजबुत बनाउँदै जानुपर्ने आवश्यकता नेपालसामु रहेको छ।

भारतले आर्थिक एवं सामरिक दृष्टिले महत्त्वपूर्ण कूटनीतिलाई 'रणनीतिक स्वायत्तता' भन्दै सबै देशसँग सन्तुलन कायम गर्न खोजेको देखिन्छ। हाम्रो देशमा चीनको 'बीआरआई', संयुक्त राज्य अमेरिकाको 'एमसीसी' र भारतको 'नेबरहुड फस्ट' जस्ता परियोजनाहरु समान रूपमा क्रियाशील छन्। चीन र भारतको कूटनीतिक र सामरिक नीतिबाट नेपाल अछूतो रहन सक्दैन। नेपालमार्फत शक्ति आर्जन गर्ने होडबाजी अमेरिका, चीन र भारतबीच चल्न सक्छ। नेपाल दक्षिण एसियामा 'हर्टल्यान्ड देश', 'रेयर अर्थ भूमि' वा 'रणनीतिक महत्त्वको भूमि' बन्न पुगेको त होइन भन्ने प्रश्नहरु उठेका छन्।

अहिले विश्वमा कुनै पनि देशको समस्या र अवसर त्यही देशको मात्र बुझेर हुँदैन। नेपाल बुझ्न नेपाल र छिमेकी, क्षेत्रीय र विश्व वातावरण बुझ्नुपर्दछ। नेपाल आत्मनिर्भर भयो भने आफ्नो राजनीतिक प्रभाव कम हुनेमा भारत र चीन सचेत छन्। भारत यसोउसो गरेर हामीलाई आ॑ नो चाणक्य नीतिमा वेरिराख्न खोज्छ। चीन पनि आर्थिक सहयोग–सुविधा दिएर हामीलाई भारतबाट अलग्याउन चाहन्छ। यस पृष्ठभूमिमा हामीलाई उच्च भूराजनीतिक ज्ञान, सुझबुझ र कूटनीतिक कुशलताको खाँचो पर्दछ।

भूराजनीतिको कर्ता सरकार हो। देशको परराष्ट्र मामिला संवेदनशील हुन्छ। संवेदनशीलताअनुरूप नीति, रणनीति एवं कार्यनीतिहरूको तर्जुमा गर्दै राष्ट्रको अधिकतम हित प्रवर्द्धन गर्ने गरिन्छ। भौगोलिक अवस्थितिका कारण कूटनीतिक कार्य र व्यवहार सोहीबमोजिम गर्नुपर्ने हुन्छ। नेपालको भौगोलिक अवस्थिति, इतिहास र यथार्थ आङ्कलन गरेर आफ्नो स्वतन्त्र अस्तित्वमा कुनै पनि प्रकारको आँच नआउने गरी वैदेशिक नीति निर्माण गरिएको छ। सरकारले बदलिँदो राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय परिवेशअनुसार परराष्ट्र नीतिमा अलिकति परिवर्तन गर्न खोज्दा सबैतिर धान्न नसकिने परिवर्तन–प्रभाव अर्थात् 'डोमिनो इफेक्ट' उत्पन्न हुन सक्छ। यसकारण, कमजोर, भूपरिवेष्ठित र विकासोन्मुख देशहरूका लागि परराष्ट्र नीति सामान्यतया सन्तुलित र स्थिर रहनु नै उचित देखिन्छ।

**सारसंक्षेप**

आजको जटिल एवं विश्वमा देखिएको तीव्र ध्रुवीकरणको समयमा देशको चिरकालीन सुरक्षा र विकासका लागि देशलाई तटस्थ एवं सन्तुलित विदेश नीति आवश्यक हुन्छ। देशका राष्ट्रिय शक्तिहरूबीच अभेद्य एकता र बलियो राष्ट्रियताको पनि आवश्यकता पर्दछ। भूराजनीतिबाट 'स्मार्ट राज्य' बन्न नेपाल कूटनीतिक रूपमा बाठो बन्न जरूरी छ। छिमेकी राष्ट्रहरु चीन र भारत दुवै शक्ति राष्ट्रका रूपमा उदय भइरहेको समयमा नेपालको भूराजनीतिक दक्षता र कुशलता विश्वभर नै रणनीतिक रूपमा महत्त्वपूर्ण बन्न सक्ने हुन्छ। यसकारण, भूराजनीति र भूराजनीतिक व्यवहारको बारेमा जानकारी राख्नु राज्य सञ्चालक, प्रशासक तथा नागरिकका लागि आवश्यक हुन्छ। साथै, नेपाल सरकार, प्रधानमन्त्री, मन्त्री, राजनीतिक नेता, कर्मचारी तथा विदेश मामिलाका जानकार विज्ञहरु देशको विदेश नीतिको सम्बन्धमा बोलेर, लेखेर वा इसाराले कहिल्यै चुक्नु हुँदैन। अनलाइनखबरबाट


## डुम्रे बचत तथा ऋण सहकारी संस्था लि.

**बन्दीपुर गाउँपालिका–१, डुम्रेबजार, तनहुँ**

### ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०३/१६**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा प्राप्त गरी यस संस्थासंग भए गरेको लिखित शर्त, सम्झौता बमोजिम तोकिएको समय अवधिमा तिर्न, बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा हर्जना रकम समेत नतिरी, नबुझाई भाखा नघाई संस्थासंग भएको ऋण कर्जा सम्बन्धी लिखित शर्त, बन्देज उल्लंघन गर्नु भएकोले तपाई ऋणी उपर ऋण कर्जाको साँवा, ब्याज तथा हर्जना लेना रकम समेत चुक्ता भुक्तानी गर्न आउनु भनि पटक/पटक मौखिक तथा लिखित पत्र मार्फत तरताकेता गर्दा समेत संस्थाको ऋण कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएकोले उल्लेखित ऋणीहरूको नाममा कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंत्तिस) दिन भित्र यस संस्थाको मुख्य कार्यालय बन्दीपुर गाउँपालिका वडा नं. १ डुम्रेबजारमा सम्पर्क राखी संस्थालाई बुझाउनु पर्ने कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको बिनियम तथा प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असुल उपर गर्न कानूनी प्रक्रिया अगाडी बढाउने तथा कालोसुचीमा समावेश गर्न पहल गरिने भएकोले उक्त झन्झटमा नपर्न ऋणी तथा धन जमानी बस्ने समेतलाई सबैमा सुचित गरिन्छ ।

**तपशिल**

| क्र सं | ऋणीको फोटो | ऋणीको बिवरण | धन जमानी कर्त्ताको बिवरण | धितो सम्पत्तीको बिबरण |
|---|---|---|---|---|
| १ |  | सदस्य नं. २११६<br>**नाम- निर बहादुर थापा मगर**<br>बाजेको नाम -नन्द बहादुर<br>बाबुको नाम- छबिलाल थापा मगर<br>ठेगाना- बन्दिपुर १, कुम्भडाँडा, तनहुँ<br>ना.प्र.नं.-२६८८७<br>जारी मिति-२०५४।०८।१५<br>जारी जिल्ला- तनहुँ | १) बन्दिपुर १, तनहुँको नन्द बहादुरको नाती छबिलाल को छोरा दुर्गा बहादुर थापा<br>२) बन्दिपुर १, तनहुँको टेकलाल मगरको छोरी बिष्णु बहादुरको छोरी माया मगर | बन्दिपुर १ कुम्भडाँडा नक्सा नं. १।क कित्ता नं. १५९९ क्षेत्रफल ०.४.०.० |
| २ |  | सदस्य नं. ९४<br>**नाम- लक्ष्मी बि.क.**<br>ससुराको नाम- बल सुर सुनार<br>श्रीमानको नाम -मुक्त बहादुर बि.क.<br>स्थायी ठेगाना- फलामखानी ५, पर्वत<br>ना.प्र.नं.-५३१९८<br>जारी मिति-२०६३।०१।२५<br>जारी जिल्ला- पर्वत<br>हाल-बन्दिपुर ४, तनहुँ | १) बन्दिपुर १, तनहुँको बुद्धिवलको नाती सुकवहादुर को छोरा राजेन्द्र कुमार सुनार<br>२) बन्दिपुर १, तनहुँको चतुरेको नाती केशवहादुर को छोरा केदार बहादुर बिश्वकर्मा | पालङ्गुटार न.पा.वडा नं. ८, साविक धुँवाकोट ५, गोरखा नक्सा नं. ५ कित्ता नं. १५२४ क्षेत्रफल ५.०.०.० |
| ३ |  | सदस्य नं. २९३८<br>**नाम- कमला अधिकारी**<br>ससुराको - लेखनाथ अधिकारी<br>श्रीमानको नाम - बिष्णु भक्त अधिकारी<br>ठेगाना- बन्दिपुर १, रिमाली तनहूँ<br>ना.प्र.नं.-७३७२६<br>जारी मिति-२०६१।०४।१९<br>जारी जिल्ला- तनहुँ | १) भानु ३, तनहुँको चिरन्जीवीको नाती गुणराज को छोरा कमल न्यौपाने<br>२) बन्दिपुर १, तनहुँको श्रीराम अधिकारी को श्रीमती लक्ष्मी अधिकारी | भानु न.पा.वडा नं. ५, साविक मैवल नक्सा नं. ९।घ कित्ता नं. १०१ र १०४ क्षेत्रफल क्रमश ०.१२.१.३ र १.१.१.१ |
| ४ |  | सदस्य नं. ८३०<br>**नाम- केदार बहादुर विश्वकर्मा**<br>बाजेको नाम-चतुरे<br>बाबुको नाम- केश बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना- पुम्दिभुम्दी २, कास्की<br>ना.प्र.नं.- १४८७९२<br>जारी मिति-२०६१।०४।१८<br>जारी जिल्ला- कास्की<br>हाल-बन्दिपुर १, तनहुँ | १) बन्दिपुर ४, तनहुँको मोतिलालको नाती बलसुर को छोरा मुक्त बहादुर बि.क.<br>२) बन्दिपुर ४, तनहुँको बलसुरको बुहारी मुक्तवहादुर को श्रीमती लक्ष्मी बि.क. | पालङ्गुटार न.पा.वडा नं. ८, साविक धुँवाकोट ५, गोरखा नक्सा नं. ५कित्ता नं. १४७८ र १४८२ क्षेत्रफल क्रमश ०.६.०.० र २.८.०.० |

## डुम्रे बचत तथा ऋण सहकारी संस्था लि.

**बन्दीपुर गाउँपालिका–१, डुम्रेबजार, तनहुँ**

### ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने १५ दिने अन्तिम सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०३/१६**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा प्राप्त गरी यस संस्थासँग भए गरेको लिखित शर्त, सम्झौता बमोजिम तोकिएको समय अवधिमा तिर्न, बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा हर्जना रकम समेत नतिरी, नबुझाई भाखा नघाई संस्थासंग भएको ऋण कर्जा सम्बन्धी लिखित शर्त, बन्देज उल्लंघन गर्नु भएकोले तपाई ऋणी उपर ऋण कर्जाको साँवा, ब्याज तथा हर्जना लेना रकम समेत चुक्ता भुक्तानी गर्न आउनु भनि पटक/पटक मौखिक तथा लिखित पत्र मार्फत तरताकेता गर्दा समेत संस्थाको ऋण कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्था गर्नु भएकोले उल्लेखित ऋणीहरूको नाममा कर्जा चुक्ता गर्न आउने १५ दिने अन्तिम सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको मुख्य कार्यालय बन्दीपुर गाउँपालिका वडा नं. १ डुम्रेबजारमा सम्पर्क राखी संस्थालाई बुझाउनु पर्ने कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको बिनियम तथा प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असुल उपर गर्न कानूनी प्रक्रिया अगाडी बढाउने तथा कालोसुचीमा समावेश गर्न पहल गरिने भएकोले उक्त झन्झटमा नपर्न ऋणी तथा धन जमानी बस्ने समेतलाई सबैमा सुचित गरिन्छ ।

**तपशिल**

| क्र सं | ऋणीको फोटो | ऋणीको बिवरण | धन जमानी कर्त्ताको बिवरण | धितो सम्पत्तीको बिबरण |
|---|---|---|---|---|
| १ |  | सदस्य नं. २४११<br>**नाम- जेर महमद मिया**<br>बाजेको नाम -उमेर दिन<br>बाबुको नाम- समसुदिन<br>स्थायी ठेगाना- सतिश्वारा ३, तनहुँ<br>ना.प्र.नं.- ७४५<br>जारी मिति-२०४३।०७।०५<br>जारी जिल्ला- तनहुँ<br>हाल- भानु १, कल्याणटार, तनहुँ | १) भानु १, साजबोटे तनहुँको खुसी महमदको छोरी कम्मर दिन मियाको श्रीमती रजमुन मिया<br>२) भानु १, कल्याणटार, तनहुँको समसुदिनको बुहारी जेर महमद मियाको श्रीमती जनिफा मिया<br>३) भानु १३, कल्याणटार, तनहुँको जेर महमदको छोरी निसार महमद मियाको श्रीमती सबिला खातुन मिया | साविक सम्जुर छाप ४, हाल भानु न.पा. वडा नं. १३, नक्सा नं. ४।क कित्ता नं. १५० र १५३ क्षेत्रफल क्रमश २.१२.३.० र २.१३.३.१ |
| २ |  | सदस्य नं. ३०१०<br>**नाम- राजेन्द्र कार्की**<br>बाजेको नाम- धर्म ध्वज<br>बाबुको नाम- चन्द्र बहादुर कार्की<br>स्थायी ठेगाना- आँबुखैरेनी ६, तनहुँ<br>ना.प्र.नं.-४५४३०<br>जारी मिति- २०५७।११।३०<br>जारी जिल्ला- तनहुँ<br>हाल- आँबुखैरेनी ३, प्रगतीमार्ग, तनहुँ | १) बन्दिपुर १,डुम्रेबजार, तनहुँको दया नारायणको छोरा प्रेम कुमार श्रेष्ठ<br>२) आँबुखैरेनी ३, प्रगतीमार्ग, तनहुँको चन्द्र बहादुरको छोरा राजेन्द्र कार्कीको श्रीमती पारु कार्की | साविक आँबुखैरेनी वडा नं. ६, हाल- आँबुखैरेनी गा.पा. वडा नं. ३, तनहुँ, नक्सा नं. ६।घ कित्ता नं. ७०७६ क्षेत्रफल ०.४.०.२ |

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असार १६ मंगलबार
June 30, 2026

# आदिकविमा होटल व्यवस्थापन स्नातक कार्यक्रम सञ्चालनको सम्भाव्यता अध्ययन

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत व्यवस्थापन संकायको स्नातक तहको होटल व्यवस्थापन (बीएचएम) कार्यक्रम सञ्चालनका लागि विश्वविद्यालयबाट गठित टोलीले सोमबार सम्भाव्यता अध्ययन गरेको छ ।

होटल व्यवस्थापन विषय थपका लागि आएको सम्भाव्यता अध्ययन टोलीले क्याम्पसको भौतिक पूर्वाधार, शैक्षिक तयारी, आर्थिक व्यवस्थापन तथा आवश्यक स्रोत–साधनको अध्ययन एवं अवलोकन गरेको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी गराए ।

अध्ययनका क्रममा टोलीका होटल व्यवस्थापन विज्ञ सूर्यकिरण श्रेष्ठले क्याम्पस सञ्चालक समिति, क्याम्पस प्रशासन तथा कर्मचारीहरूसँग होटल व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि क्याम्पसले गरेको तयारीबारे अन्तरक्रिया गरेका थिए । उनले पूर्वाधार, जनशक्ति, व्यवस्थापन तथा कार्यक्रम सञ्चालनका सम्भावनाबारे जानकारी लिएको क्याम्पस प्रमुख हड्खलेले बताए।

क्याम्पसले होटल व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि आवश्यक अधिकांश पूर्वाधार तयार गरिसकेको जनाएको छ । हाल क्याम्पसमा स्वीट रूम, रेस्टुरेन्ट, भान्सा, डाइनिङ हल, रिसेप्सन, होटल व्यवस्थापन विभागको कार्यालय, बैठक कक्ष, सेमिनार हल, इन्क्युबेसन सेन्टर, पुस्तकालय, तालिम कक्षा, बगैँचा, छात्र–छात्रा शौचालय, प्राचार्यको कार्यकक्ष, प्रशासन, लेखा, स्टोर्स तथा परीक्षा शाखालगायतका संरचना सञ्चालनमा रहेका छन्।

यसैबीच, विश्वविद्यालय अनुदान आयोग र क्याम्पसको संयुक्त लगानीमा होटल व्यवस्थापन तथा सूचना प्रविधि (आईटी) कार्यक्रम सञ्चालनका लागि इनोभेटिभ कम्प्लेक्स भवन निर्माण भइरहेको क्याम्पसले जनाएको छ। आगामी भदौभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त भवनको हालसम्म करिब ८० प्रतिशत निर्माण कार्य सकिएको छ । भवनमा आधुनिक कक्षाकोठा, कार्यालय तथा प्रयोगशालाको व्यवस्था रहने बताइएको छ ।



क्याम्पसले तीन वर्षअघिदेखि कक्षा ११ र १२ मा होटल व्यवस्थापन विषयको अध्ययन–अध्यापन सञ्चालन गर्दै आएको छ । हाल यस कार्यक्रममा २०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

गोरखा, लमजुङ र तनहुँ जिल्लामा हालसम्म स्नातक तहको होटल व्यवस्थापन कार्यक्रम सञ्चालनमा नरहेको अवस्थामा आदिकवि भानुभक्त क्याम्पसमा उक्त कार्यक्रम सञ्चालन भए तीनै जिल्लाका विद्यार्थी लाभान्वित हुने अपेक्षा क्याम्पसले गरेको छ ।

ग्रामीण तथा बाह्य पर्यटनको विस्तारसँगै तनहुँ, लमजुङ र गोरखामा पर्यटन पूर्वाधार तीव्र रूपमा विकास भइरहेका छन् । यी जिल्लाका विभिन्न विद्यालयमा कक्षा ११ र १२ मा होटल व्यवस्थापन विषय पढाइ भइरहेकाले स्नातक तहमा अध्ययन गर्ने अवसरको माग बढ्दै गएको छ ।

होटल व्यवस्थापन अध्ययन गरेका जनशक्तिको स्वदेश तथा विदेश दुवै क्षेत्रमा उच्च माग रहेकाले क्याम्पसमा स्नातक तहको कार्यक्रम सञ्चालनले दक्ष जनशक्ति उत्पादनसँगै क्षेत्रीय शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

# जलवायुको मारमा धान .........

धान खेती हुने गरेको छ ।

नेपाली कृषक परिवारको जनजीविका, कृषि उत्पादन, मुलुकको समग्र खाद्य सुरक्षा र अर्थतन्त्रमा योगदानका कारण नेपाल सरकारको दीर्घकालीन तथा आवधिक योजना एवं वार्षिक विकास कार्यक्रममा धानबाली प्राथमिकता प्राप्त बाली रहँदै आएको छ ।

**धानबालीको उत्पादकत्वमा वृद्धि**

विभागका अनुसार आव २०७६/७७ मा १४ लाख ५८ हजार ९१५ हेक्टरमा ५५ लाख ५० हजार ८७८ मे.टन धान उत्पादन भएकोमा आव २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टरमा ५९ लाख ५५ हजार ४७६ मे.टन धान उत्पादन भएको थियो । सन्जेलले विगत पाँच वर्षमा धानबालीको उत्पादकत्व ३.८० मे.टन प्रति हेक्टरबाट वृद्धि भई ४.१९ मे.टन प्रतिहेक्टर भएको जानकारी दिनुभयो ।

"पछिल्लो वर्षहरूमा धानबालीको क्षेत्रफल क्रमशः घट्दै गए तापनि उन्नत बीउबिजन तथा मलखाद प्रयोगमा वृद्धि एवं प्रविधि प्रसारका कारण उत्पादकत्वमा आएको वृद्धिले धानबालीको कूल उत्पादन वृद्धि भएको छ", उहाँले भन्नुभयो, "नेपालमा करिब ७० लाख मे.टन धान आवश्यक रहेकामा विद्यमान उत्पादनका आधारमा करिब १० लाख मे.टन अपुग हुने देखिन्छ ।" उहाँका अनुसार केही वर्षयता उपभोक्ताको खानेबानीमा आएको परिवर्तनका कारण मसिना तथा बासनादार चामलको माग वृद्धि हुँदा धान चामलको आयात उल्लेख्य भएको छ ।

**जलवायु अनुकूलित खेती प्रणाली विकास आवश्यक**

महानिर्देशक सञ्जेलले जलवायु अनुकूलित खेती प्रणाली विकासका लागि नेपाल कृषि अनुसन्धान परिषद्बाट सुक्खा सहन सक्ने सुक्खा–१, २, ३, ४, ५, ६, डुबान सहन सक्ने सावा मसुली सव–१ र सेहराङ सव–१ एवं सुख्खा तथा डुबान दुवै सहनसक्ने बहुगुणी–१ र २ जात विकास गरी किसानस्तरमा प्रवर्द्धनका कार्य भएको बताउनुभयो । "धानबालीका २५०० भन्दा बढी आनुवांशिक स्रोत राष्ट्रिय जीन बैंकमा सुरक्षित राखी जैविक विविधता संरक्षण, सम्बर्द्धन र जातीय विकासमा प्रयोग गरिएको छ", उहाँले भन्नुभयो, "कालो धान, शुद्धोधन कालानमक, हरियो काउचिन, कालो पात्ले, रातो अनदी, जोरायेल बासमती, झिनुवा, एक्लेलगायतका जात दर्ता गरी धानबालीका पोषणयुक्त रैथाने जातको मूल्य शृङ्खला विकासको प्रयास गरिएको छ । यस्ता रैथाने तथा स्थानीय जात सूचीकरण गर्न कृषक समूह/समुदायलाई प्राविधिक र आर्थिक सहजीकरणको कार्य समेत हुँदै आएको छ ।"

विभागका अनुसार हाल १८ जिल्लाका ५८ स्थानीय तहमा संघीय सशर्त वित्तीय हस्तान्तरणमार्फत चैते धान प्रवर्द्धन, गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन तथा उन्नत बीउ उत्पादन तथा उपयोगमा अनुदानलाई प्राथमिकता दिइएको छ । प्रतिएकाइ जमिनबाट बढी उत्पादन लिन नेपालमा विकास गरिएको हर्दिनाथ–१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपर–जोनमार्फत वर्षे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृङ्खला विकास, जलवायु सिर्जित जोखिमबाट किसानको व्यवसाय सुरक्षणका लागि बाली बिमा प्रिमियममा अनुदान एवं न्यूनतम समर्थन मूल्य निर्धारण कार्यक्रम कार्यान्वयन भइरहेका छन् ।

कृषि विभागबाट धानमा आधारित खेती र खाद्य प्रणालीको जलवायु उत्थानशील रूपान्तरण आयोजना यस वर्षबाट सुरूआत भई महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका आठ स्थानीय तहमा कार्यान्वयनमा आएको छ । विभागका अनुसार जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरणका लागि धान बालीमा उत्थानशील जात विकास, धानखेतीमा छरूवा प्रविधि, पालै पालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी संकलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको छ ।

**एल–निनोको तीव्र विकाससँगै विश्वव्यापी तापक्रम बढ्ने सम्भावना: डब्लुएमओ**

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको एल निनोका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ। विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ) अन्तर्गतको बहु–मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरूआतमा कमजोर बन्दै गएको ला–निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भएपनि आगामी महिनाहरूमा बलियो एल–निनो विकसित हुने संकेत देखिएको छ ।

प्रशान्त महासागरमा विकसित भइरहेको एल–निनोसँगै सकारात्मक आइओडीको प्रभावले दक्षिण एसियाली मनसुन प्रणालीमा थप असर पार्नसक्ने मौसमविद्हरूको भनाइ छ । पूर्वानुमानअनुसार उत्तरी अमेरिका, युरोप, अफ्रिका तथा एसियाका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने सम्भावना उच्च छ । दक्षिण तथा पूर्वी एसियामा तापक्रम वृद्धि हुने सम्भावना अझ बढी रहेको उल्लेख गरिएको छ । दक्षिणी गोलार्द्धका दक्षिण अमेरिका, दक्षिणी अफ्रिका तथा अस्ट्रेलियाका धेरै क्षेत्रमा पनि औसतभन्दा बढी तापक्रम रहने सङ्केत देखिएको छ । भूमध्यरेखीय अफ्रिका तथा समुद्री दक्षिणपूर्वी एसियामा समेत तापक्रम सामान्यभन्दा माथि रहने सम्भावना प्रबल छ ।

विभागको प्रवक्ता विभूति पोखरेलले नेपालमा मनसुन छ दिन ढिला गरी भित्रिए पनि राम्रो वर्षा भने हुन नसकेको बताउनुभयो । "हाल कोशी, मधेस र बागमती प्रदेशका सम्पुर्ण भू–भाग, गण्डकी प्रदेशको केही भू–भाग र लुम्बिनी प्रदेशको पूर्वी भू–भागको थोरै स्थानमा मनसुनी वायुको प्रभाव रहेको छ । अन्य भू–भागमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ", उहाँले भन्नुभयो, "साथै गण्डकी र लुम्बिनी प्रदेशको बाँकी भू–भाग, कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्पूर्ण भू–भागमा यही सातामा मनसुन विस्तार हुने सम्भावना रहेको छ ।"

**आज धान दिवस**

वि.सं. २०६१ देखि सुरूआत भएको राष्ट्रिय धान दिवस मनाउने परम्पराको २३औँ संस्करण आज नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटारमा धान दिवस मनाइँदैछ । प्रदेश तथा स्थानीय तहलाई समेत 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' नाराका साथ विविध कार्यक्रम आयोजना गरी राष्ट्रिय धान दिवस मनाउन अनुरोध गरिएको छ । यस दिवसले खाद्य तथा पोषण सुरक्षामा धानको योगदान एवं धानबाली प्रवर्द्धनमा नेपाल सरकारको प्रयास आम जनमानसमा पुग्न गई धानबाली प्रवर्द्धनमा सरोकारवालाको सामूहिक पहलको लागि ऊर्जा प्रदान गर्ने विश्वास लिइएको छ । रासस

## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

नीति अध्ययन/अनुसन्धान
नीतिगत हरेक विषयका आफ्नै वैज्ञानिक, प्राविधिक वा तथ्यगत आधार हुन्छन्। एआई चिप्स वा न्यानो–प्रविधि जस्ता प्राविधिक रूपमा जटिल विषयमा सहजज्ञान (common sense) कै भरमा बलिया तर्क गर्न सजिलो हुँदैन । तर विकाससँग सम्बन्धित धेरै नीतिगत एजेन्डामा भने विषयवस्तुको गहिरो ज्ञान आवश्यक हुँदाहुँदै पनि सहजज्ञानकै आधारमा निष्कर्ष निकाल्ने र अडान लिने प्रवृत्ति देखिन्छ। परिणामस्वरूप, यस्ता विषयमा हुने छलफल र विमर्श प्रायः वस्तुगत निष्कर्षमा पुग्न सक्दैनन् । यही कारण, विकाससँग सम्बन्धित सार्वजनिक बहसलाई तथ्य, प्रमाण र वस्तुगत विश्लेषणमा आधारित बनाउन नीति अध्ययन तथा अनुसन्धान अपरिहार्य बन्दै गएको छ ।



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

पटकपटक फुटेको हाँडी फेरि जोड्ने लालसायुक्त राग चलेछ । भयङ्कर खतरा देखाउदै नेतृत्ववाट चलाईएको यो कथ्य रूपमा सुन्दर र सारमा आफ्नो असफलता छोप्न र शक्तिमा टिक्न देखाईएको भुत्ते हतियार हो। सुधार र शक्ति आर्जन चाहेकै हो भने पहिला फुटाएर गल्ती भो–भन। आफु छोडेर सहकर्मीलाई अघि बढ भन्न सक्छौ ?



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

ओली, प्रचण्ड, माधब, झलनाथ, विद्या मिले, अनि के हुन्छ? जनमत फर्किन्छ कि झन बिकर्षित हुन्छ? २०७४ मा मिलेकै थिए के भयो? एकताभन्दा ठूलो विभाजन? दुई पार्टी मिले ४ टुक्रा भयो। के अब यस्तो हुन्न? नश्ल सुधार भयो? प्रचण्डले चुनाव अघि २२ समूह मिलाए, भोट कता हरायो? काम छैन क्या यस्तो एकता !

# म्याग्देको बजेट पारित

भञ्ज्याङ समाचारदाता/म्याग्दे

तनहुँको म्याग्दे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट पारित गरेको छ । सोमबार आयोजित २०औं अधिवेशनले आगामी वर्षका लागि बजेट पारित गरेको हो। गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बजेट पारितका लागि सभामा निर्णयार्थ पेश गरेकामा सभाले सर्वसम्मत बजेट पारित गरेको हो । सभाले आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ समेत सर्वसम्मत पारित गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए ।

गत असार ८ गते आयोजित गाउँसभामा उपाध्यक्ष बालकृष्ण घिमिरेले रू ७४ करोड ३२ लाख ७८ हजारको बजेट प्रस्तुत गरेका थिए । विनियोजित बजेटमध्ये चालुतर्फ रू ४७ करोड ९३ लाख र पुँजीगततर्फ रू २६ करोड ३९ लाख ४५ हजार विनियोजन गरिएको छ ।

आर्थिक विकास समितितर्फ रू चार करोड १८ लाख, सामाजिक विकास समितितर्फ रू ३३ करोड १६ लाख ८३ हजार, पूर्वाधार विकासतर्फ रू २५ करोड ३९ लाख ६८ हजार चार सय ५०, वन वातावरण विपद् समितितर्फ रू ८७ लाख, कार्यालय सञ्चालन, सुशासन समितितर्फ रू १० करोड ७१ लाख बजेट विनियोजन गरिएको बताइएको छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
असार २० गते शनिबार
१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ डा. डि.बि. लामिछानेद्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरू : लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । ख) कान सम्बन्धी लक्षणहरू : श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरू : घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४